# बतास समूहको ठेक्का विवादमा मुछिएका कार्यकारी निर्देशक दाहालद्वारा राजीनामा

**हिमालय टाइम्स**

**काठमाडौं, २७ पुस**

नारायणहिटी दरबार संग्रहालय परिसरको जग्गा रेष्टुरेण्ट सञ्चालनका लागि बतास समूहलाई ठेक्का दिएको विवादमा मुछिनुभएका कार्यकारी निर्देशकले पदबाट राजीनामा दिनुभएको छ । नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन समितिका कार्यकारी निर्देशक भेषनारायण दाहालले मंगलबार आफ्नो पदबाट राजीनामा दिनुभएको हो । नारायणहिटी दरबार संग्रहालयको जग्गा ठेक्काको विषयमा छानविन गर्न मन्त्रालयले गठन गरेको छानविन समितिले सोमबार प्रतिवेदन सार्वजनिक गर्दै दाहालको जग्गा सस्तोमा भाडामा दिने मिलेमतोमा संलग्नता देखिएको निष्कर्ष निकालेको थियो । समितिले पदीय जिम्मेवारीसमेत पूरा नगरेको भन्दै उहाँलाई कारबाही गर्नुपर्ने निष्कर्ष निकालेको थियो । दाहालले क्षेत्रफल किटान नगरेर सम्बन्धित निकायले नै क्यान्टिन सञ्चालन गर्ने कम्पनीलाई बढी क्षेत्र ओगट्न प्रोत्साहन गरेको मन्त्रालयका सहसचिव होमप्रसाद लुइँटेलको संयोजकत्वमा गठित छानविन समितिले जनाएको छ । दाहालले सार्वजनिक सम्पत्ति संरक्षण गर्ने आफ्नो जिम्मेवारी पूरा गर्न नसकेको पनि समितिको ठहर छ ।

बतास समूहले सार्वजनिक खरिद ऐनविपरीत मिलेमतोबाट नारायणहिटीमा चमेनागृहसहित १४ रोपनी जग्गा निक्कै सस्तो मूल्यमा हात पारेको पर्यटन मन्त्रालयको छानविनमा देखिएको थियो । लुइँटेलको संयोजकत्वमा गत बुधबार गठित 'नारायणहिटी दरबार संग्रहालयको परिसरमा क्यान्टिन/क्याफेटेरिया सञ्चालनसम्बन्धी अध्ययन एवं छानविन समिति' ले पुरानो दरबारकालीन ऐतिहासिक बंकरसमेत होटल सञ्चालनका लागि बतास समूहले सम्झौतामा उल्लेख नै नगरी अतिक्रमण गरेको देखाएको थियो । 'क्याफेटेरियाले प्रयोग गर्न पाउने क्षेत्रफल र स्थानको स्पष्ट



सीमांकन नगरी' संग्रहालयका कार्यकारी निर्देशक दाहालले आफ्नै तजबिजले बढी क्षेत्र दिएर थप निर्माण गर्न बतास कम्पनीलाई प्रोत्साहन गरेको देखिएको पनि समितिको ठहर छ । संस्कृति, नागरिक उड्डयन तथा पर्यटनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयले तीन सदस्यीय छानविन समिति बनाएर बतास ग्रुपले क्याफ्टेरिया निर्माणका लागि कसरी टेण्डर पाऱ्यो भन्ने विषयमा छानविन समिति बनेको थियो ।

कार्यकारी निर्देशक दाहालले भने छानविनका लागि सहज होस् भनेर आफूले राजीनामा दिएको दाबी गर्नुभएको छ । ३० वर्ष पुरातत्त्व विभागमा आफूले काम गरेको र संग्रहालयमा काम गर्दा पनि आफूले कहिल्यै गलत नियतले कुनै पनि निर्णय नगरेको उहाँको जिकिर छ । उहाँ पुरातत्त्व विभागबाट सेवानिवृत सहसचिव हुनुहुन्छ । गणतन्त्र स्थापनापछि संस्कृति मन्त्रालय मातहत राखिएको नारायणहिटी दरबार संग्रहालयलाई २०७६ मंसिर २ गते नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिका रूपमा परिणत गरिएको थियो । विकास समितिमा रूपान्तरण गरेपछि दाहाललाई कार्यकारी निर्देशकमा नियुक्त गरिएको थियो ।

दाहालले दिएको राजीनामा मंगलबार नै स्वीकृत भएको छ । मन्त्रालयका सचिव महेश्वर न्यौपानेले राजनीनामा स्वीकृत भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'कार्यकारी निर्देशक दाहालले राजीनामा दिनुभएको थियो, उहाँको राजीनामा स्वीकृत भएको छ ।' नारायणहिटी परिसरमा बतास समूहले रोयल बगैंचा रेष्टरेण्टका लागि निर्माण गरिरहेका केही भौतिक संरचना भत्काइएको पनि छ ।

### बतास समूहले हात हालेका अन्य व्यवसाय पनि विवादित

बतास समूहका अध्यक्ष आनन्दराज बतास हुनुहुन्छ । यो समूहमा अन्य दुई दाजुभाइ विपिनराज बतास र शान्तराज बतासमेत संलग्न हुनुहुन्छ । यो समूहको घरजग्गा कारोबारदेखि मोटर पार्टस्, सोरुम, जलविद्युत् आयोजना, रेमिट्यान्स, होटल, रेष्टुरेण्ट, इन्भेष्टमेन्टलगायत १६ वटा कम्पनी रहेका छन् । पोखरामा व्यवसाय थालेर राष्ट्रियस्तरमा उदाएको यो समूहलाई नेपालको अटोमोबाइल व्यवसायमा समेत प्रतिष्ठित घरानाका रूपमा लिने गरिन्छ । बतास फाउण्डेशनमार्फत पनि यो समूहले सामाजिक कार्य गर्दै आएको छ ।

यो समूहको नारायणहिटी दरबार संग्रहालयको रेष्टुरेण्टदेखि पाटन दरबार क्षेत्रका पसल, पशुपतिनाथको धर्मशालादेखि पोखराको प्रदेश संग्रहालय भवनमा सञ्चालित अटो सोरुमलगायत रहेका छन् । नारायणहिटी दरबार संग्रहालय परिसरभित्र रेष्टुरेण्ट सञ्चालन गर्न जथाभावी संरचना निर्माण गर्न थालेपछि यो समूह विवादमा परेको छ । यो समूहले हात हालेका अन्य व्यवसाय विवादितमा तानिएका छन् । बतास ग्रुपले आफ्नो राजनीतिक तथा प्रशासनिक पहुँचको फाइदा उठाउँदै सार्वजनिक तथा सरकारी सम्पत्तिहरू चलन चल्तीभन्दा निकै सस्तोमा हात पार्ने गरेको आरोप लागेको छ । बतासले जहाँ-जहाँ व्यवसायका क्रममा हात हालेको तीमध्ये धेरैमा विवादमा तानिएको छ ।

# पदैलयात्रीलाई ठक्कर दिई फरार रहेका टिपरचालक पक्राउ

**काठमाडौं/हिटा ।** काठमाडौं महानगरपालिका-१० बिजुली बजारमा पदैलयात्रीलाई ठक्कर दिई फरार रहेका बा २ ख ५१४५ नम्बरको टिपरका चालक भक्तपुर सल्लाघारी बस्ने सिन्धुपाल्चोक सेलाङ-५ घर भएका ३६ वर्षीय दुर्गा श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

पदैलयात्री भक्तपुर व्याँसी बस्ने कालिकोट पञ्चाल झरना गाउँपालिका-२ घर हुनुभएका २२ वर्षीय विपिन विकलाई टिपरले आइतबार राति ठक्कर दिंदा विपिनको मृत्यु भएको थियो ।

चालक टिपरसहित फरार भएको भन्ने जानकारी प्राप्त हुनासाथ महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले पेप्सीकोला खहरेमा लुकाइराखेको उक्त टिपरसहित श्रेष्ठलाई सैनिक प्रहरीको सहयोगबाट पक्राउ गरेको हो ।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ ।


## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पिस्कर, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

### ठेक्का स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०७८।०९।२८**

यस गाउँपालिका अन्तर्गत सञ्चालित (Brass Plate Roofing on Tripurasundari Mandir) कार्यको लागि बोलपत्र आह्वान गरिए बमोजिम ठेक्का नः TSRM/NCB/WORKS/2078/079-01 को निर्माण कार्यका लागि पर्न आएका ३ वटा बोलपत्रहरु र Fabrication of steel parts and Transportation up to roadhead of (Phelele Ghatte) Khola Musure Rajdali Davi Khola and Sunkoshi Khola Trail Bridges ठेक्का नः TSRM/NCB/TB/2078/079-01 को झोलुङ्गेपुलको लागि आवश्यक मेटल सामाग्री उपलब्ध गराउने कार्यका लागि पर्न आएका ४ वटा बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्र सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांङ्कित पाइएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ३, दफा २७ को उपदफा २ बमोजिमको प्रयोजनार्थ ठेक्का स्वीकृतिको लागि आशय-पत्रको सूचना जारी गरीएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | फर्मको नाम र ठेगाना | कुल कबोल रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | TSRM/NCB/WORKS/2078/079-01 | सानु सुवाल त्रिपुरा आर्शिवाद जे.भी., भक्तपुर | ३४,३२,८६०।०८ (भ्याट र PS बाहेक) | PE's Estimate (भ्याट र PS बाहेक) भन्दा ०।५७ % घटी |
| २ | TSRM/NCB/TB/2078/079-01 | इन्टरटेक प्रा.लि., बुटवल | २२,४१,५२९।५४ (भ्याट बाहेक) | PE'sEstimate (भ्याट बाहेक) भन्दा २२।६१ % घटी |


# फोहोर व्यवस्थापनमा जुट्यो चन्दननाथ नगरपालिका

**विजय रावत/हिटा**

**जुम्ला, २७ पुस**

जुम्लाको चन्दननाथ नगरपालिका दीर्घकालीन फोहोर व्यवस्थापनमा जुटेको छ । स्वच्छ र सफा नगरपालिका बनाउने उद्देश्यका साथ लामो समयपछि फोहोर व्यवस्थापनमा जुटेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत क्षेत्रबहादुर बुढ्थापाले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'वर्षौंदेखि थुप्रिएको सदरमुकाम खलंगाको फोहोर उठाउनुका साथै फोहोर फाल्ने स्थानसमेत टुंग्याएर पूर्वाधार तयारसमेत भएको छ । नगरपालिका-२ स्थित दुनादुनैमा डम्पिङ साइड टुंगो लागेको लामो समय भए पनि स्थानीयको केही माग भएका कारण टुंगो लागेको थिएन । अब भने नगरपालिकाले समन्वय गरेर स्थान टुंगो लगाएका छौं ।' नगरपालिकाले सदरमुकामबाट ६ किलोमिटर उत्तरतिर रहेको दुनादुनै भन्ने स्थानमा जग्गा छनोट गरी घेराबारासमेत गरिएको प्रमुख प्रशासकीय अधिकृत बुढ्थापाले बताउनुभयो ।

डम्पिङ साइडको अवस्थाका विषयमा अवलोकन गर्न चन्दननाथ नगरपालिका, सञ्चार माध्यम तथा सरोकारवालाको टोली त्यहाँ पुगेर फर्किएको छ । नगरपालिकाको वडा नं. २ स्थित दुनादुनैमा डम्पिङ साइड क्षेत्रका वडाध्यक्ष धनराशि भण्डारीसहित वडा नं. १ का वडाध्यक्ष जयबहादुर रावल, वडा नं. ३ का वडाध्यक्ष नन्दबहादुर बुढ्थापा र वडा नं. ६ का वडाध्यक्ष अजबहादुर रावल, प्रमुख प्रशासकीय अधिकृत क्षेत्रबहादुर बुढ्थापासहित सरोकारवाला निकायहरूले अवलोकन गरी फर्केको नगरपालिकाले जनाएको छ ।

डम्पिङ साइड सुचारु भएसँगै जुम्ला सदरमुकामको फोहोर उठ्न थालेको छ । प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाका अनुसार सदरमुकामको फोहोर उठ्न थालेपछि सफा नगरको अवधारणा अगाडि सारिएको छ ।


## नेपाल हस्तकला महासंघको
### ४१औं वार्षिक साधारण सभा र कार्यसमितिको निर्वाचन स्थगित गरिएको अत्यन्त जरूरी सूचना

नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०७८ पौष २६ गते प्रकाशित सूचना अनुसार सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढि भेला हुने गरी मेला, भेला तथा महोत्सव आदि कार्यक्रमहरु आयोजना नगर्न नगराउन आदेश जारी भएको वर्तमान अवस्थालाई ध्यानमा राखि जिल्ला प्रशासन कार्यालय काठमाडौंसंग समन्वय गरी यही २०७८ पौष ३० गते कार्की ब्यान्क्वेट बबरमहल, काठमाडौंमा विहान १०:०० बजे देखि आयोजना गरिने ४१ औं वार्षिक साधारण सभा र सोही स्थानमा २०७८ माघ १ गते विहान ८.०० बजे देखि संचालन गरिने कार्य समितिको निर्वाचन कार्यक्रम कार्यसमितिको मिति २०७८ पौष २७ गतेको निर्णयानुसार अर्को सूचना प्रकाशित नभए सम्मको लागि स्थगित गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल हस्तकला महासंघ**
फोनः ४२४४२३१/४२४५४६७/४२४३०१५, फ्याक्सः४२२२९४०
Email: info@fhan.org.np, fhan1972@gmail.com
URL: http://www.fhan.org.np



## अधिकृत वारेसनामा बदर सम्बन्धमा

**अ.वा. दिने विनि महादेव कोइरालाको नाति तेज प्रसाद कोइरालाको छोरा स्याङ्जा जिल्ला सिलुङ्ग देउराली गा.वि.स. वडा नं. ९ को परिवर्तित भीरकोट न.पा. वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ बस्ने बर्ष ५८ को हुम नाथ कोइराला (ना.प्र.नं. ८७७/४२९४४, मिति २०३५/०३/१४ जि.प्र.का. स्याङ्जा) अ.वा. लिने पृथ्वीराम थापाको नाति भवानी प्रसाद थापाको छोरा झापा जिल्ला दमक न.पा. वडा नं. २ बस्ने बर्ष ४६ को गुणराज थापा (ना.प्र.नं. २५११/१७०१, मिति २०४९/१०/२७,जि.प्र.का. झापा)लाई अ.वा. दिने हुम नाथ कोइरालाको नाउँमा मालपोत कार्यालय दमक, झापामा एकलौटी दर्ता श्रेस्ता कायम रही हाल कुमारी बैंकबाट दृष्टिबन्धक रोक्का रहेका तपसिल बमोजिमका जग्गाहरु मिति २०७७/११/१९/४ मा काठमाडौं जिल्ला अदालतबाट गरिदिएको अधिकृत वारेसनामा बदर गरिएको छ ।**

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| झापा | मधुमल्ला | ६(ख) | २०१० | ०-६-११ १/२ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २०१४ | ०-२-१ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २०११ | ०-४-१७ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २०१३ | ०-४-५ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २५१७ | ०-०-१८ ३/४ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | १४९३ | ०-३-१० | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २०१२ | ०-१०-६ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २०९९ | ०-४-० | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २१०० | ०-७-१३ १/२ | ध.दो. | जग्गा |
| झापा | मधुमल्ला | ६(ख) | २०९८ | ०-११-१४ १/४ | ध.दो. | जग्गा |



**Invitation For Electronic Bids**

## Chautara Sangchokgadhi Municipality
**Office of the Municipal Executive**
**Chautara, Sindhupalchok**

**Invitation for Bids for the Construction of Bituminous Premix Carpeting(Black Top) Works In Aahaldada-Chap-Melchour Road Sector, CSGM-05 & Procurement of Supply and Delivery of HDPE Pipe for Water Supply & Irrigation Purpose for Chautara Sangachokgadhi Municipality Office Chautara, Sindhupalchok**

**Contract Identification No: CSGM/NCB/WORKS-14/078-79 & CSGM/NCB /GOODS-02/078-79**

***First Date of publication: 2078/09/28 (12th Jan, 2022)***

1. The ChautaraSangachokgadhi Municipality Office,Chautara, Sindhupalchok invites electronic bids from the Eligible Bidders for construction of the following works and Goods under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Without VAT) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/WORKS-14/078-79 | Bituminous Premix Carpeting(Black Top) Works In Aahaldada-Chap-Melchour Road Sector,CSGM-05 | 2,272,122.39 | 64,000.00 | Rs.3,000 | 2078/10/28 (11th Feb, 2022) at 12:00 hrs | 2078/10/28 (11th Feb, 2022) at 13:00 hrs |
| CSGM/NCB / GOODS-02 /078-79 | Procurement of Supply and Delivery of HDPE Pipe for Water Supply & Irrigation Purpose for Chautara Sangachokgadhi Municipality Office Chautara,Sindhupalchok | 3,450,337.50 | 97,500.00 | Rs.3,000 | 2078/10/28 (11th Feb, 2022) at 12:00 hrs | 2078/10/28 (11th Feb, 2022) at 13:00 hrs |

2. Interested Eligible Bidders may obtain further information at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara,Sindhupalchok, Contact no 011-620477 or may visit the website **http://www.chautaramun.gov.np**. or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
3. Only eligible bidders with the following key qualification should participate in this bidding:
   Minimum work experience: At least 1 (One) number of successful project of Bituminous Premix Carpet(Black Top) with side drainage works (not necessarily to amount) valid for Contract Identification No: CSGM/NCB/WORKS-14/078-79 only.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Nepal Bank Limited, Chautara Branch
   **Name of Office** : ChautaraSangachokgadhi Municipality
   **Account Number (Aantarik Rajashwo Khata for bid document fee)** : 05703000001001000001
   **Dharauti Khata No.** : 05703000003000000001
   **Office Code No** : 801032701
5. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp**. on or before as mentioned above.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a amount as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid .
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost valid for Contract Identification No: CSGM/NCB/WORKS-14/078-79 only.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
11. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
12. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board ,Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**